म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ | अङ्क:- ५५८ | २०८१ साउन २६ गते शनिबार 10 August 2024, Saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## हेटौंडा सिमेन्टमा धर्नापछि सहमति

हेटौंडाः हेटौंडा-९ स्थित हेटौंडा सिमेन्ट उद्योगमा धर्नापछि सहमति भएको छ। बिहीबार बिहान १० बजेदेखि धर्ना दिइएकोमा शुक्रबार सहमति जुटेको नेपाल कारखाना श्रमिक संघ इकाई समिति हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष विशाल नेपालले जानकारी दिनुभयो। समग्र उद्योग ट्रेड युनियन नेपाल कार्यसमिति हेटौंडा सिमेन्ट उद्योग लिमिटेडका अध्यक्ष नेमा डिमडुङ र अखिल नेपाल मजदुर संघ हेटौंडा सिमेन्ट उद्योग लिमिटेडका अध्यक्ष कुमार खतिवडाको उपस्थितिमा धर्ना दिइएको थियो। विगत ७ महिनादेखि बन्द भएको कारखाना सञ्चालन गर्नुपर्ने र भण्डारको स्टोर अडिट सुरु गर्न माग गर्दै धर्ना दिइएको नेपालले जानकारी दिनुभयो। उद्योगको प्रशासन भवनमा करिब ४५ जना भेला भई धर्ना दिइएको थियो।

# हेटौंडा उपमहानगरको राजश्व वृद्धि विवाद

## राजश्वको दरमा कायमै राख्ने उपमहानगरको निर्णय

सुरेश श्रेष्ठ

हेटौंडाः कोभिड-१९ महामारीयता चरम आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाको दवाव, व्यवसायमा शून्यताको अवस्थामा स्थानीय सरकारले राजश्वको दर अस्वभाविकरुपमा वृद्धि गरेको भन्दै आन्दोलनको चेतावनी दिएका व्यवसायीलाई उनीहरुको मागलाई सम्बोधन गर्ने आश्वासन दिएको हेटौंडा उपमहानगरपालिकाले करको दरलाई कायमै राख्ने निर्णय गरेको छ। शुक्रबार बिहान बसेको कार्यपालिका बैठकले नगरसभाबाट पारित भएको राजश्वको दर कार्यान्वयनमा समेत आइसकेकाले राजश्वको दर कायमै राखेर अगाडि बढ्ने निर्णय भएको एकजना कार्यपालिका सदस्यले जानकारी दिएका छन्।

करको दर शतप्रतिशतभन्दा बढीले वृद्धि गरिएको भन्दै मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ मकवानपुर, सहकारी सञ्जाल मकवानपुरले नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ र प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ध्यानाकर्षणपत्र बुझाइसकेको छ। नगरसभामा राजश्वको दर परिवर्तन गर्ने विषयमा पर्याप्त छलफल नभएको र अहिले व्यवसायीले आन्दोलनको चेतावनी दिइरहेका बेला व्यवसायीको मागलाई सम्बोधन गर्नुपर्ने भनी कार्यपालिका बैठकमा वडाअध्यक्षहरुले नगरप्रमुख मीना कुमारी लामालाई सुझाव समेत दिएका थिए। नगरप्रमुख लामाले नगर सभाबाट पारित भएर कार्यान्वयनमा आइसकेको करको दरमा पुनरावलोकन गर्न नसकिने भन्नुहुँदै नयाँ करको दर कायमै राख्ने निर्णय गर्नुभएको बताइएको छ।

कार्यपालिका सदस्य एवम् ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले नगर सभाको समयमा करको दरको विषयमा स्पष्ट छलफल नभएको र व्यवसायीको मागको सम्बोधन गर्नुपर्ने विषयमा नगरप्रमुखलाई जानकारी गराए पनि नगरप्रमुखले नगरसभाबाटै पारित भएर कार्यान्वयनमा आइसकेको करको दर कायमै राखेर जाने निर्णय गर्नुभएको छलफलमा सहभागी एक वडाअध्यक्षले जानकारी दिनुभयो। नगरप्रमुख लामाले मकवानपुर उद्योग वाणिज्य संघले बोलाएको बैठकमा किन गएको भनी वडाअध्यक्षहरुलाई प्रश्न गर्नुभएको छ। नगरप्रमुख लामाको चासोलाई प्रतिवाद गर्दै बैठकमा सहभागी वडाअध्यक्षहरुले नगरवासीकै सहभागिता रहेको मकवानपुर उद्योग वाणिज्य संघले बोलाएको बैठकमा जाने विषय वडाअध्यक्षहरुको व्यक्तिगत विषय भएको बताए।

नगर उपप्रमुखलाई राजश्वको दरको विषयमा ध्यानाकर्षणपत्र बुझाएको मकवानपुर उद्योग वाणिज्य संघले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसँग समेत छलफल गरेपछि वडाअध्यक्षहरुलाई पनि आफ्ना मागका विषयमा जानकारी गराउन वडाअध्यक्षहरुसँगको बैठक आव्हान गरेको थियो। बैठकमा नेकपा एमाले सम्वद्ध वडाअध्यक्षहरु मात्रै सहभागी थिए भने नेपाली काँग्रेस सम्वद्ध वडाअध्यक्षहरु अनुपस्थित रहे। शुक्रबार बिहान बसेको कार्यपालिका बैठकमा राजश्वको दर परिवर्तनको विषयमा नेपाली काँग्रेस पार्टी सम्वद्ध वडाअध्यक्षहरुले भने कुनै धारणा नै नराखी चुप बसेका छन्।

यता नगर कार्यपालिकाको बैठकको निर्णयको दस्तावेजमा भने करको दर सम्बन्धमा कुनै किसिमको निर्णय भएको उल्लेख गरिएको छैन। नगर कार्यपालिका बैठकको कार्यसूचिको ५ नम्बर बुँदामा आर्थिक ऐन २०८१ ले व्यवस्था गरेको करको दरहरु सम्बन्धमा भनी उल्लेख गरिएको छ। कार्यपालिका बैठकमा उक्त बुँदामा छलफल भए पनि निर्णयसम्बन्धी दस्तावेजमा भने कुनै किसिमको व्याख्या समावेश नगरिनुलाई गम्भीररुपमा लिनुपर्ने देखिन्छ।

यसका साथै कार्यसूचिमा समावेश भएका अन्य विषयमा पनि निर्णयको दस्तावेजमा समावेश गरिएको छैन। कार्यसूचिमा भएका बुँदाहरु चुरियामाईको सुरुङ व्यवस्थापन समिति गठन गर्ने, पूर्वकर्मचारी विनोद सुवेदीलाई पुनर्वहाली गर्ने, रोटरी क्लब अफ मकवानपुरले आयोजना गर्ने भेट्रान्स फुटबल प्रतियोगिताका लागि आर्थिक सहयोग गर्ने, बालमैत्री वडा सहजकर्ताहरुलाई चाडपर्व खर्च दिने निर्णय भएको स्रोतले बताएको छ। यता कार्यपालिकाको बैठकका निर्णयहरुमा यी विषय समावेश छैन। आर्थिक सहयोग लगायतका विषयमा आलोचना हुने भएकोले निर्णय भएर पनि सार्वजनिक नगरिएको हुन सक्छ। यदि त्यसो हो भने यसले आगामी दिनमा स्थानीय सरकारलाई जटिल कानुनी समस्या सामना गर्नुपर्ने खतरा रहन्छ।



आन्दोलनको खाका तय गर्न बैठकमा सहभागी व्यवसायीहरु।

## उपमहानगरको बेवास्तापछि आन्दोलनको तयारीमा व्यवसायी

हेटौंडाः कोभिड-१९ महामारी यता चरम आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाको दवाव, व्यवसायमा शून्यताको अवस्थामा स्थानीय सरकारले राजश्वको दर अस्वभाविकरुपमा वृद्धि गरेपछि व्यवसायीले आन्दोलनको तयारी थालेका छन्। हेटौंडा उपमहानगरपालिकाले राजश्व वृद्धि गरेको विषयमा ध्यानाकर्षण गराउँदा नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ र प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले कार्यपालिका बैठकबाट सम्बोधन गर्ने आवश्वास दिएका थिए। व्यवसायीलाई दिइएको आश्वास विपरित शुक्रबारको कार्यपालिका बैठकले करको दरसम्बन्धमा कुनै ठोस निर्णय नगरेपछि व्यवसायी आन्दोलनको तयारीमा देखिएका छन्। शुक्रबारको कार्यपालिका बैठकको कार्यसूचिमा कर दरको विषय समावेश गरिए पनि निर्णयमा कुनै सम्बोधन नभएपछि व्यवसायीले शुक्रबार नै आन्दोलनको तयारी थालेका छन्।

शुक्रबार साँझ मकवानपुर उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघ मकवानपुरका पदाधिकारी, पूर्वअध्यक्षहरु र सल्लाहकारको सहभागितामा आन्दोलनको तयारीका विषयमा छलफल भएको छ। करको दर निर्धारणको प्रक्रियादेखि नै उपमहानगरपालिकाले व्यवसायीलाई बेवास्ता र भ्रममा राखेको भन्दै व्यवसायीले तीव्र आलोचना गरिरहेको सन्दर्भमा उपमहानगरपालिकाले आश्वास दिएर पनि व्यवसायीको माग सम्बोधनतर्फ जिम्मेवार नभएको व्यवसायीले निश्कर्ष निकालेका छन्। चौतर्फी समस्यामा परेका व्यवसायीमाथि हेटौंडा उपमहानगरपालिकाले गैरजिम्मेवारीपूर्ण तरिकाबाट राजश्वको दर वृद्धि गर्ने र व्यवसायीका मागलाई पनि सम्बोधन नगर्नुलाई गम्भीररुपमा लिएर आन्दोलनको तयारी थालिएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले जानकारी दिनुभएको छ।

"भोलि शनिबार राजनीतिक दल, कानुन व्यवसायी, नागरिक समाजसँग छलफल गरेपछि हामी व्यवसायीले आन्दोलनको खाका तयार पार्ने सहमति आज शुक्रबार साँझ बसेको बैठकले गरेका छौं", मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले भन्नुभयो, "हामी आन्दोलन घोषणा गरेर बीचमै छाड्नुपर्ने अवस्था नरहोस् भनी राजनीतिक दल, कानुन व्यवसायी, नागरिक समाज र सरोकारवालासँग भोलि शनिबार छलफल गरेर आन्दोलनको खाका तय गर्नेछौं।"

निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्र प्रसाद चौलागाईले व्यवसायीका मागलाई सम्बोधन गर्ने आश्वास दिएर कार्यपालिका बैठकको कार्यसूचिमा रहेको विषयमा कुनै निर्णय नै नगरिनु गम्भीर विषय भएको उल्लेख गर्नुभयो। शुक्रबारको प्रारम्भिक छलफलले नगरवासी र व्यवसायीलाई कुनै किसिमको राजश्व नतिर्न आव्हान गर्ने, बजार बन्द गर्ने, निर्माणको कार्य रोक्ने, व्यवसाय बन्द गरेर चाबी बुझाउने लगायत आन्दोलनको खाका तय गर्ने विषयमा छलफल भएको उहाँले जानकारी दिनुभयो। भोलि शनिबार बिहान निर्माण व्यवसायी संघको बैठक बसेर आन्दोलनको खाकालाई अझ स्पष्ट पार्ने महासचिव चौलागाईले जानकारी दिनुभएको छ।












हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना सूचना सूचना**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकामा दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ। अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ।

**निम्न**:
१. मिति २०८१ आश्विन मसान्त भित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा शतप्रतिशत छुट दिने व्यवस्था
३. आ.व. २०७८/०७९ भन्दा अगाडि यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८।०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडि अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनका लागि आर्थिक ऐन २००१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नु हुन जानकारी गराईन्छ। समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनुरोध छ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

# माझी दाइको कथा

**पुस्तक समीक्षा**



**दिपिका योञ्जन**

अर्नेस्ट हेमिङग्वे (२१ जुलाई १८९९-२ जुलाई १९६१) उपन्यासकार, कथाकार र पत्रकार थिए। बिसौं शताब्दीको काल्पनिक लेखन शैलीलाई प्रभाव पार्न सफल हुनुका साथै उनले आफ्नो यात्रामय जीवन र व्यक्तित्वद्वारा पछिल्लो पुस्तालाई भिन्नै प्रभाव पारेको मानिन्छ। सन् १९२० को मध्यदेखि सन् १९५० को मध्यसम्म रचिएका रचनाहरूले उनलाई सन् १९५४ को नोबेल पुरस्कार दिलायो। उनीद्वारा लिखित बूढो मान्छे र समुद्र विश्व प्रसिद्ध कृति हो।

समुन्द्र कथा अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको हो। अङ्ग्रेजी शब्दहरूलाई नेपालीमा अनुवाद गर्दा कतिपय शब्दहरू बुझ्न र उच्चारण गर्न समेत गाह्रो भएको थियो। कक्षा १० मा पढ्ने विद्यार्थी स्तरका सहज र सरल भाषाको उपयोग गरिएको छ। भाषाशैली सरल नेपाली भाषामा लेखिएको तर केही अङ्ग्रेजी शब्द र अङ्ग्रेजी नामहरूले गर्दा शब्द उच्चारण र अर्थ थाहा पाउन अलि कठिन भएको थियो।

एक्लै सानो डुङ्गा लिएर गल्फ स्ट्रीममा माछा मार्ने सान्टियागो नाम गरेको बूढो माझीले माछा मार्न नसकेको आज चौरासी दिन भएको थियो। उसित मानोलिन नाम गरेको केटो पनि थियो। सँगसँगै माछा मार्थ्यो। तर मानोलिनका बाबुआमाले उसलाई अभागी बूढो माझीसित नहिँड्न भनेपछि ऊ अर्कै भाग्यमानी डुङ्गामा गयो। पहिलो हप्तामै तीनवटा माछा मार्न सफल भयो। बूढोलाई छोड्नु परेकामा ऊ खुशी थिएन। बूढो हरेक दिन रित्तो हात घर फर्केको देख्दा उसलाई झन् नराम्रो लाग्थ्यो। उसले कहिले पनि हार मानेन। निरन्तर प्रयास गरिरह्यो।




उसले आफ्नो कार्यलाई कहिले पनि बीचमा छाडेन उसले आफूप्रति विश्वास गर्‍यो। सान्टियागोले निरन्तरता मेहनत गर्‍यो। निरन्तर श्रम मेहनत गर्‍यो र कर्ममा विश्वास गरिरह्यो। त्यहीं निरन्तरता मेहनतकै कारणले अन्तिममा हरेक पाठकलाई हार मान्नु हुँदैन भन्ने एउटा पाठ सिकाएको छ जसले गर्दा सान्टियागो मेरो मनपर्ने पात्र हो। पुस्तक पढेर जीवन प्रयत्न ज्ञान पाएँ। यो पुस्तक पढेर पठन संस्कृतिको विकास भएको छ। मेरो केही जिज्ञासा भने लेखकलाई यस्तो रहेको छ।


अन्तिममा त्यति मेहनतपछि पनि मुख्य पात्रको सफलताको फल किन राम्रो आएन ? तपाईंलाई यस बुढो मान्छे र समुन्द्र उपन्यास लेख्न कहाँबाट प्रेरणा आयो ? कि वास्तविक जीवनमा पनि मुख्य पात्रले गरेका मेहनतद्वारा हामीले पनि आफ्नो काममा सफलता पाउन सक्छौँ त ? यस कथामा किन सान्टीयागोको परिवारको बारेमा त्यस्तो खासै उल्लेख नगरिएको ?

बुढो मान्छे र समुन्द्र उपन्यास मानिसको जीवनको सङ्घर्षलाई बयान गरिएको छ र हामी पनि त्यही सान्टियागो जस्तै मेहनती र कहिले हार नमान्ने हुनुपर्छ भनिएको छ। आफूप्रति जहिले विश्वास राख्नुपर्छ र अरुले भनेको कुरामा विश्वास गर्नु हुँदैन र आफ्नो भाग्य कर्मको कलम लेख्नुपर्छ भनिएको छ। कर्मै मानवको जीवनको सुरुवात र अन्त्य भएको हुन्छ। राम्रो उन्नति र प्रगतिका लागि उत्तिकै अठोट त्याग अनि श्रम गर्नुपर्छ भनेर उपन्यासमा भन्न खोजेको छ। जतिसुकै समस्या आए तापनि आत्मविश्वास राखेर आत्म बलियो बनाउनुपर्छ र आफ्नो काममा निरन्तर लागि पर्नुपर्छ। एउटा कर्मशील व्यक्ति बनेपछि फल प्राप्तिपछि सफलताको आनन्द अनुभूतिको छुट्टै खुसी हुन्छ। मेहनत गरेको फल पाएपछि त्यो सफलताको सबैले सम्मान इज्जत गर्दछन्। हामीले मेहनत परिश्रम कहिले गर्न छोड्नु हुँदैन।


महेश बुढो मान्छे र समुन्द्र पुस्तक पढ्न आफ्नो साथीभाइहरू र म जस्तै अरु विद्यार्थीहरु त्यसैगरी आफ्ना भाइबहिनीहरूलाई पनि यो पुस्तक पढ्न आग्रह गर्दछु किनभने एउटा विद्यार्थी जीवनमा मेहनत कठोर तपस्या अति नै आवश्यक पर्दछ जुनचाहिँ यस पुस्तकबाट थाहा पाइन्छ। यस्ता पुस्तकहरू पढ्नबाट थुप्रै नयाँ शब्दहरू शब्द उच्चारण पठन संस्कृतिको विकास र एउटा व्यक्तिको विकासमा ठूलो भूमिका खेल्दछ। यस्ता पुस्तकद्वारा जीवन प्रयत्न ज्ञान को उदय गर्न सकिन्छ। र विद्यार्थीहरूलाई मात्र नभएर यो पुस्तकचाहिँ सबै उमेरका लागि पढ्न उत्तिकै आवश्यक छ।

*कक्षा १०, नवोदय शिशु सदन*

# चित्रकला




*Aadarsh Yadav, class-5, Navodaya Shishu Sadan Hetauda-4*





**अन्शुम थापा मगर**
**कक्षा-३, कमाने एकेडेमी**
**हेटौंडा-८**




**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**






**दिपासना थापा**
**कक्षा:- १०, जिएस निकेतन**
**हेटौंडा-५**





**दिपेश घलान**
**कक्षा-६, फेमकोल एकेडेमी,**
**हेटौंडा-१३**





**निरीक्षा भण्डारी**
**कक्षा-८, सोलिड्यारिटी ईन्टरनेशनल**
**एकेडेमी, हेटौंडा-१०**

# विवशता

लघुकथा



श्यामप्रसाद श्रेष्ठ

"ए छोरो ! तैंले जागिर खालास् र सुखको दिन आउला भन्ठानेको खोइ त ! आकाशको फल आँखा तरी मर भने झैँ हुने भो ।"

"ए आमा ! नेपालमा जागिर ! तिनीहरुको आफ्नो मान्छेलाई नै भ्याएका छैनन् । हामीले पाउन त उही हो । अब छिट्टै भिसा झर्छ चिन्ता लिनु पर्दैन ।" विश्वासका साथ छोराले भने ।

"छोरा ! छिटो हुन्छ भन्दा भन्दै वर्ष दिन बितिसक्यो ! पैसा जम्मै लगेर खन्याई हालिस् । त्यो पैसा भएको भए पनि आज तेरो बाउलाई औषधी गर्न हुन्थ्यो नि । तङ्गिएलान् कि भन्दाभन्दै झन थला नै परिसके । घरमा सुको छैन । बरु जा न त्यो डाक्टरले लेखिदिएको औषधी पसलमा गएर उधारो लिएर आइज ।"

"आमा ! अस्ति बजारमा मलाई देखेर औषधीको बाँकी पैसा खोइ तिरेको भन्दै थियो, फेरि उधारो लिन म जान्न ।"

"त्यसो हो भने तेरा बाउले, मेरो तिलहरी बेचेर छापेको त्यो साहित्यको किताब बजारमा बेचेर औषधी लिएर आइज, जा ।"

"हुन्छ आमा !" भनेर छोरा किताबको ठेली बोकेर बजारतिर लागे ।

कोठा भित्रबाट कोही बोलेको सुनियो, "ए, छोराकी आमा ! तँ कहाँ छेस् ? भित्र आइज न !"

लोग्नेले बोलाएको सुनेर उनी भित्र पस्दै भनिन्," होइन, के भो तपाईंलाई ?"

"तेरो अनुहार हेर्ने यो जन्ममा अब यति मात्रै होला । अब त मैले बाँच्ने आशा पनि मारिसकेँ !"


"के भन्नुभाको त्यस्तो ! तपाइँलाई केही हुन दिन्न ।" छोरा औषधी लिन गएको छ भन्दै लोग्नेलाई अँगालो हालेर रोईरहिन् ।

छोरो आएको चाल पाएर उनी लोग्नेको अँगालोबाट अलगिइन् । छोरो अँध्यारो मुख लगाएर खाली हात फर्केको देखेर उनले सोधिन्, "छोरा ! खोइ औषधी ?"

"आमा ! किताब बिक्री भए त ल्याउने हो ! कसैले किन्न नै मानेन । अन्तमा एउटा चटपटे पसलेले बल्ल बल्ल बीस रुपैयाँ किलोमा किन्यो । त्यो पैसाले औषधी दोकानमा पुरानो बाँकी तिर्न पनि नपुगेकाले औषधी उधारो दिएन र खाली हात फर्किएँ ।

*हेटौँडा-६, चौघडा*

# कहिले सकिएन



सुगम दाहाल

कस्तो रङ्ग पोतिदियौ मेट्नै सकिएन
मेरो माया तिमीलाई भेट्नै सकिएन

देख्ने धोको पुग्ने छैन अब बिपनीमा
माया तिमी आइदेऊ राती सपनीमा
बर्सिन्छौ रे तिमी पनि एक्लै अँधेरीमा
मेरो तिर्खा मेटिएन पुगी पँधेरीमा
कस्तो रङ्ग पोतिदियौ मेट्नै सकिएन
मेरो मुटु तिमीलाई भेट्नै सकिएन।

कस्तो माया मौलाएछ मार्न सकिएन
उखेलेर अन्त कतै सार्न सकिएन
साधनामा बनिदिन्छु सारङ्गीको साथी
हावासँगै उडिदिन्छु कैले माथिमाथि
कस्तो रङ्ग पोतिदियौ मेट्नै सकिएन
मेरो माया तिमीलाई भेट्नै सकिएन

लिएको छु रित्तो टुकी बालिदेऊ ज्योति
त्यै ज्योतिमा देख्न सकूँ हराएको मोती सोधिराख्छु
तिमीलाई जून-तारासँग
त्यति टाढा देख्ने शक्ति छैन आँखासँग
कस्तो रङ्ग पोतिदियौ मेट्नै सकिएन
मेरो माया तिमीलाई भेट्नै सकिएन

आँखा भन्छ बर्सिदिन्छु छोडी नूनपानी
मन भन्छ रुनुहुन्न बन्नुपर्छ ज्ञानी
मुख भन्छ बोलिदिन्छु अब तिम्रै वाणी
मुटु भन्छ पग्लिएर हुन्छु पानी-पानी
कस्तो रङ्ग पोतिदियौ मेट्नै सकिएन
मेरो माया तिमीलाई भेट्नै सकिएन

# सातको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: अध्ययन–अध्यापनका क्षेत्रमा राम्रो काम गर्ने समय योग रहेको छ । ज्ञान र बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ । बोलीका कारण काममा पूर्णता होला । स्वास्थ्य सबल रहनुका साथै कामको चाप बढ्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक छ । भोग विलास र रमझमप्रति आकर्षित भइने समय योग देखिन्छ । धार्मिक यात्रामा सरिक ।

**वृष राशि**: निर्णयात्मक काममा केन्द्रित नभइने समय छ । पारिवारीक इच्छा विपरीत काम नगर्दा राम्रो रहन्छ । व्यापार–व्यवसायमा हाँके ताँकेका काममा लागि परिएला । नोकरीमा व्यस्ततामा समय व्यतित होला । स–साना वादविवादले काममा बाधा होला । अध्ययन–अध्यापनमा अरुको सहयोग लिँदा राम्रो रहन्छ । इमान्दार, जिम्मेवार र समयनिष्ठ हुनुपर्ने समय योग रहेको छ ।

**मिथुन राशि**: पराक्रम र उत्साहमा वृद्धि हुने समय छ । सहयोगीहरुले साथ दिने छन् । काममा सोचे जस्तै सफलता प्राप्त हुने छ । मिहिनेत र परिश्रमले काममा सफलता । जिम्मेवारी थपिनाले कामको बोझ बढ्ला । धार्मिक तथा सामाजिक काममा सरिक भइने छ । आध्यात्मिक मनोभावको विकास होला । व्यापार–व्यवसाय मध्यमकारक छ ।

**कर्कट राशि**: समय धर्नाजनकारक बनेको छ । योजनाहरु गोप्य राख्दा राम्रो होला । मान–सम्मान बढ्ने समय योग रहेको छ । तर्क र विवादमा विजय प्राप्त हुने समय छ । इष्टमित्रसँग आत्मियता बढ्ला । व्यवसायमा अठोट र निर्णय सफल होला । धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय योग रहेको छ ।

**सिंह राशि**: समस्या र चुनौती देखेर पछि नहट्दा राम्रो रहन्छ । मानसिक संवेग, रिस र आवेगमा समेत वृद्धि हुने देखिन्छ । संयमतामा साथ अगाडि बढ्दा राम्रो । नयाँ र नौलो आयाम थपिएला । इच्छा शक्ति बढ्ने समय योग छ । सामाजिक एवम् आध्यात्मिक कामबाट लाभ प्राप्त हुने समय योग रहेको छ ।

**कन्या राशि**: अवसर प्राप्तिका लागि दौडधूप र परिश्रम गर्नुपर्ने समय छ । भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसायमा आफैँ खटेको राम्रो होला । महत्वकांक्षा बढ्नाले काममा बाधा होला । निर्णय क्षमतामा समेत कमी आउँला । पढाई–लेखाई मध्यमकारक रहने समय छ ।

**तुला राशि**: जिम्मेवारी थपिने समय योग छ । कर्मचारीले बढुवा र पुरस्कार प्राप्त गर्ने समय योग छ । सोच र बुद्धिको उपयोग गर्ने समय छ । बौद्धिक र प्राविधिक क्षमताको विकास होला । नयाँ कार्य वा रोजगारीको विकास होला । आध्यात्मिक र परोपकारजन्य अनि सामाजिक काममा अलमल होला । पढाई–लेखाई ठिकै देखिन्छ ।

**वृश्चिक राशि**: काम र कर्तव्यप्रति दिलचस्पी जाग्ने छ । प्रतिष्ठामा वृद्धि हुने समय छ । व्यापार–व्यवसायबाट लाभ प्राप्त होला । स्वास्थ्यस्थितीमा केही समस्या आइपर्ला । सेवा श्रुसामा समय व्यतित होला । धार्मिक र सामाजिक काममा मन जाला । अध्ययन–अध्यापनबाट लाभ प्राप्त होला । ठूलाबडाको इच्छा बुझ्ने समय छ ।

**धनु राशि**: नियम र अनुशासनलाई पालना गर्दा राम्रो रहन्छ । धार्मिक र दार्शनिक विषयमा मनको आकर्षण बढ्ने समय योग छ । परामर्श दिने पेशामा भए जस पाइएला । लक्ष्यप्राप्तिको मार्गमा सफल भइने समय छ । कामधन्धा तनावको विषय बन्न सक्ने छ । पढाई–लेखाईका कामहरु मध्यमकारक रहने समयको योग रहेको देखिन्छ ।

**मकर राशि**: परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्न सक्छ । लगानी र दौडधूपको समय योग रहेको छ । नयाँ लगानीको लागि उपयुक्त दिन छैन । रिस्क र जोखिमसँग टाढा रहँदा राम्रो रहन्छ । पौष्टिक आहारमा ध्यान दिँदा राम्रो रहन्छ । पढाई–लेखाइ र आध्यात्मिक क्षेत्रका काममा समय बित्ला ।

**कुम्भ राशि**: रोमाञ्चकता र उत्कण्ठालेयुक्त समय छ । विगतका रमाइला पलहरुको याद आउने छ । काममा भावुक र संवेदनशील बनिएला । बिचार पुऱ्याएर मात्रै बोल्दा राम्रो होला । धार्मिक र सामाजिक काममा मन जाला । प्रेमिल भावनामा वृद्धि होला । आनन्द र मनोरञ्जनका काममा सरिक भइएला ।

**मीन राशि**: जीवनको वास्तविक लक्ष्य पहिल्याइएला । व्यापार–व्यवसायमा ठिकै देखिन्छ । साझेँदारीका कामहरु चित्त बुझ्दो नहुन सक्छ । मिहिनेतको प्रतिफल अरुले हत्याउने छन् । भावनाको कदरले मान–सम्मान पाइएला । धार्मिक तथा सामाजिक एवम् पढाई–लेखाइका काममा मन जाने समय योग छ ।

# मलाई माफ गर



विधान आचार्य

म तिम्रो बन्न सकेनछु
सकेनछु तिमीले हिँडाएको गोरेटोमा लम्कन
म 'म' बन्न अघि बढिरहेँ
आफूले गरेको सम्झौता बिर्सिएर
बिर्सेछु मैले आफूलाई तिमी बनाउन सङ्कल्प गरेको दिन ॥

प्रिय, म अँध्यारोमै रुमलिएछु
बिर्सेर हाम्रा सपना र गन्तव्यलाई
विस्मृतिमा हराएछन् "वसुधैव कुटुम्बकम्" मूलमन्त्र
थाँती राखेर हामी भन्ने भाव
म मेरै गन्तव्यमा दौडन पुगेछु
हुन पनि हो
यात्रा लामो थियो, गन्तव्य निकै टाढा
यस्तै यस्तै अरु केही
मैले भुलेछु त्यो दिन र गरेछु हतारमा निर्णय
किनकि,
म 'म' बाहेक अरु कोही बन्न सक्दिनँ ॥

*हेटौँडा-१८, हर्नामाडी*

# Birthday



Nishka Manandhar

We wake up with happines,
and excitment thisr day
No work to do,
only fun and play.

Alots of presents,
and alots of wishes
Alot of food,
and alot of kisses

This is the day
We all grow older
Even through we have fun,
the responsibilities are broader.

*Class–5, Navodaya Shishu Sadan Hetauda-4*

# मेरी आमा



कृतिका दुङ्गाना

मेरो जीवनको सुरुवातमा
तपाइँको पहिलो स्पर्श
मेरो जीवनको पहिलो प्रकाश
प्रेमको बाधामा बोल्नु हुने
हजुरको न्यानो आभास

हजुरको साथ र माया,
समय साथै न्यानो स्पर्शमा
बलियो हुँदै गयौँ
म आफ्नै मेरो साथमा
स्थिर समय भयो,

प्रत्येक शब्दमा हजुरको
ज्ञानको कथा
तपाइँले गाएको
लोरीको आवाज,
हरेक बोलीमा सच्चाई
हजुर नै हो मेरो संसार

मेरो सपनाको
निर्माता हजुर
मलाई आफ्नो सपनामा
संसार देखायौ
तपाईको आँखामा
म ब्रम्हाण्ड हेर्छु
अनन्त प्रेमको
एक खोज पाउँछु म
मेरी प्यारी आमा

*कक्षा-९, नवोदय शिशु सदन हेटौंडा-४*

# हाम्रो देश नेपाल



आरुसी काफ्ले

कति राम्रो छ हाम्रो देश नेपाल
पूर्व पश्चिम उत्तर दक्षिण तराई पहाड हिमाल

कोशी नदी पूर्वतिर काली पश्चिमतिर
गौरवशाली सगरमाथा हाम्रो देशको शिर

प्रकृति र संस्कृतिमा धनी हाम्रो देश
राम्रो छ नि रीतिरिवाज हाम्रै परिवेश

ठूला नदी गण्डकी कर्णाली र कोशी
हिमालदेखि बग्दै आए पहाडदेखि बेसी

उत्तरतिर अग्ला हिमाल हेर्दै रहर लाग्दा
आफ्नै देश प्यारो लाग्छ अरुसँग दाँच्दा

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# साथी



आत्मीय आचार्य

मसँग कोही नहुँदा पनि तिमी थियौ
तिमी अहिले पनि मसँगै छौ
त्यसैले त तिमी मेरो एक्लो असल साथी हौ

तिमीसँगै नहुँदा एकदिन वर्षौं काटे जस्तो हुन्छ
तिमीसँगै नहुँदा भित्रभित्र मन रुन्छ

सबै मेरो विपक्षमा हुँदा तिमी मेरो पक्षमा
तिम्रो साथ हुन्छ सधैं मेरो लक्ष्यमा

तिम्रो सपनाले पनि मात्रै मलाई पुग्छ
तिमीसँगै हुँदा मेरो जीवन बन्दछ

मैले गलत काम गर्दा तिमी नै हो मलाई रोक्ने
हामीहरू दुवैजना मित्रताको उदाहरण बन्ने

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

## गाउँखाने

१. शिरमाथि बास गर्ने रातो रातो धूलो, विशेषगरी बिवाहमा महत्वमा छ ठूलो ।
• सिन्दूर

२. पिउँछन् सबै चाख मानी सेतो सेतो पानी, धेरै पिएपछि त्यसले लिन्छ जिन्दगानी ।
• रक्सी

३. रुप सानो भए पनि तागत छ ठूलो, ज्ञानीहरु भन्ने गर्छन पाइतालाको धूलो ।
• रुपैंया/पैसा

४. दुईटै खुट्टा दुइटै हात मानिस त्यो होइन, त्यसको साथ लागेपछि दिलाउँछ चैन ।
• साइकल

५. एक खुट्टे दाई दैलोमा नअटाई के हो ।
• छाता

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# वन क्षेत्रमा सरकारको ध्यान पुगेन

समाज संवाददाता

हेटौँडाः सामुदायिक वन उपभोक्ता महासंघ नेपाल मकवानपुरले शुक्रबार सामुदायिक वन दिवस २०८१ विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ। 'सामुदायिक वनको प्रभावकारिता तीनै तहका सरकार र समुदायको सहभागिता' भन्ने नाराका साथ महासंघ मकवानपुरले विचार गोष्ठी र प्रशंसा पत्र वितरण गरी दिवस मनाएको हो।

महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा बोल्नुहुँदै जिसस प्रमुख घलानले सरकारले वन क्षेत्रमार्फत जनतालाई आर्थिक क्रियाकलापमा जोड्ने गरी काम गर्नुपर्ने बताउनुभयो। अहिले विभिन्न सामुदायिक काममा वन समुहहरुले लगानी गरिरहेकोमा प्रशंसा गर्नुहुँदै उहाँले जनतालाई आयआर्जनसँग जोड्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। अहिले वन संरक्षणका लागि वृक्षरोपणका कार्यक्रमहरु धेरै हुने तर संरक्षणमा भने ध्यान नपुगिरहेको उहाँको भनाई छ। उहाँले यसतर्फ पनि ध्यान पुऱ्याउन आवश्यक रहेको बताउनुभयो। उहाँले वनको सदुपयोग गरी काम गरेमा सबैलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो। यस्तै महासंघ मकवानपुरका अध्यक्ष चौलागाईले महासंघले महासंघ र जनताको हितमा काम गर्न खोजिरहेको बताउनुभयो। उहाँले सरकारले वन क्षेत्रलाई उपेक्षा गरिरहेको भन्दै यसको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

गोष्ठीमा सामुदायिक उपभोक्ता समुहका पदाधिकारीहरुले वन क्षेत्रका लागि सरकारबाट उचित बजेट विनियोजन नहुने गरेको भन्दै गुनासो गरेका छन्। यस्तै डढेला नियन्त्रण जस्ता अन्य विपद्का घटना न्युनीकरणका लागि सरकारबाट योजनाहरु पर्याप्त नआएको, वन समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धि जस्ता व्यवस्थित योजना बनाउन र वन व्यवस्थापनका लागि ध्यान नदिइरहेको समूहहरुले गुनासो गरेका छन्। देशको कुल गार्हस्थ उत्पादनमा वन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको र वनलाई पर्यटन र कृषिसँग जोड्नुपर्ने पनि समुहहरुले धारणा प्रस्तुत गरेका थिए। वन व्यवस्थापन गरी वन, वन्यजन्तु र वनस्पति संरक्षण गर्न महासंघ र समुह तयार रहेको उनीहरुको भनाई छ।

महासंघ मकवानपुरले कार्यक्रमको अवसरमा सञ्चारकर्मी, वन समुह र वन अभियान्ताहरुलाई सम्मान गरेको छ। सम्मानित हुनेमा सञ्चारकर्मीतर्फ समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ र साझाकुरा राष्ट्रिय दैनिकका संवाददाता भीमसेन पौडेल रहेका छन्। यस्तै सामुदायिक उपभोक्ता वन समुहतर्फ हेटौँडा-६ स्थित चुच्चेखोला समुह, ५ नम्बर वडास्थित पिप्लेपोखरा वन समुह, १९ नम्बर वडास्थित चनौटा वन समुह, वडा नम्बर ६ स्थित रानीवन समुह, मकवानपुरगढी-५ स्थित बुङदल वन समुह र थाहा नगर स्थानीय महासंघलाई प्रशंसापत्र वितरण गरेको छ। यस्तै वन अभियन्ताको रुपमा बुद्धि प्रसाद पौडेल र बाल कुमारी थापालाई सम्मान गरेको छ। कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरी चौलागाई, प्रदेश कोषाध्यक्ष नानीमैया रुम्बा र सदस्य केशव प्रसाद न्यौपाने लगायतको आतिथ्य रहेको थियो।

# लम्पी स्किन रोग विरुद्ध खोप अभियान सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशका १३ जिल्लामा गाईभैंसीमा लाग्ने लम्पी स्किन रोग विरुद्ध सप्ताहव्यापी खोप अभियान सुरु गरेको छ। प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पशुमा लम्पी स्किन रोगको संक्रमण हुन नदिन साउन २५ गतेदेखि ३१ गतेसम्म सप्ताहव्यापी खोप अभियान सुरु गरेको हो।

शुक्रबार एक समारोहका बिच मकवानपुरको मकवानपुरगढी गाउँपालिकास्थित एक गाई फार्ममा प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले पशु स्वास्थ्यकर्मीलाई भ्याक्सिन हस्तान्तरण गर्दै अभियानको शुभारम्भ गर्नुभएको हो। अभियानअन्तर्गत प्रदेशका १३ जिल्लाका ७६ हजार २ सय ७५ गाईभैंसीमा लम्पी स्किन रोग विरुद्धको खोप लगाउने लक्ष्य मन्त्रालयको रहेको छ।

खोप अभियान कार्यक्रमको शुभारम्भ समारोहलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले गाईभैंसीमा लम्पी स्किन रोग लाग्न नदिन पूर्वतयारी स्वरुप प्रदेशका सबै स्थानीय तहमा प्रभावकारिताका साथ खोप अभियान सञ्चालन गरिने बताउनुभयो। नागरिकहरुलाई सरकारको अनुभूति दिलाउने र आर्थिकरुपले सक्षम बनाउने पहल स्वरुप प्रदेश सरकारले अभियान अघि बढाएको उहाँले बताउनुभयो। प्रदेश सरकारले कृषि क्षेत्रको विकासका लागि उत्पादन र बजारीकरणमा प्राथमिकताका साथ योजनाहरु ल्याएको उहाँको भनाइ छ। कृषकहरुको समस्या समाधानमा प्रदेश सरकार सदैव तत्पर रहने उहाँले बताउनुभयो।

मन्त्रालयका सचिव विनोदकुमार भटट्राईले स्थानीय तहको समन्वयमा पशु सेवा कार्यालयमार्फत् खोप अभियान सञ्चालन भएको बताउनुभयो। कृषकहरुलाई उत्पादनमा सघाउने उद्देश्यअनुसार मन्त्रालयले बजेटमा नै समावेश गरेर खोप अभियानलाई अघि बढाएको उहाँले बताउनुभयो। कृषकहरुको सहायतासँगै आर्थिक उपार्जनमा सघाउन विभिन्न रोग विरुद्धको निःशुल्क खोप उपलब्ध गराउने उहाँको भनाइ छ। लम्पी स्किन रोग नियन्त्रणका लागि प्रदेश सरकारले यस आर्थिक वर्षमा ७३ लाख रुपैयाँ बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो।

# आकर्षणको वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आकर्षण ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टरले २० औं वार्षिक उत्सव मनाएको छ। शनिबार हेटौंडामा एक कार्यक्रमबीच वार्षिकोत्सव मनाएको हो। हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्य तथा ब्युटी पार्लरकी संस्थापक सञ्चालक अस्मिता श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको हो। कार्यक्रममा ६ महिने डिप्लोमा तालिममा सहभागी ६० जनाभन्दा बढीलाई प्रमाणपत्र प्रदान गरिएको थियो।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# श्रमदानबाटै सडकमा स्ल्याब

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जनश्रमदानबाटै सडकको स्ल्याब ढलान भएको छ। गाउँपालिकाका अध्यक्ष सर्केश घलानको पहलमा बिहीबार र शुक्रबार दुई दिन श्रमदान गरी उक्त सडकको स्ल्याब ढलान सम्पन्न भएको हो।

गाउँपालिका कार्यालयको गेट अगाडि अधुरो रहेको करिब १४ मिटर लम्बाइको सडकको स्ल्याब ढलान भएको छ। स्ल्याब ढलानका लागि गाउँपालिका अध्यक्ष, पालिकाका कर्मचारी र स्थानीय गरी ३० जनाले जनश्रमदान गरेको गाउँपालिका अध्यक्ष घलानका स्वकीय सचिव मनोज बलले जानकारी दिनुभयो।

जनश्रमदानबाट स्ल्याब ढलान भएको सडकको लम्बाइ १३.८५ मिटर, चौडाइ ११.०५ मिटर र उचाइ ०.१३ मिटर रहेको गाउँपालिकाका प्राविधिक सब इन्जिनियर राजेन्द्रबहादुर बोहराले जानकारी दिनुभयो। २ लाख २३ हजार तीन सय आठ रुपैयाँ प्राविधिक लागत अनुमान गरिएको उक्त सडकको स्ल्याब ढलानको काममा ९१ हजार ७ सय आठ रुपैयाँ बराबरको जनश्रमदान भएको सब इन्जिनियर बोहराले बताउनुभयो।

स्ल्याब ढलानका लागि सञ्जय निर्माण सेवा प्रालिले २० बोरा, शिवालय विल्डर्सले १५ बोरा, नेहारिका विल्डर्स प्रालिले २ बोरा सिमेन्ट सहयोग गरेको थियो भने गाउँपालिकाबाट सिमेन्ट १५ बोरा, गिट्टी १३ घनमिटर, बालुवा ८ घनमिटर निर्माण सामग्री लागेको जनाएको छ। पालिकाको आफ्नै मेसिन, औजार उपयोग गरी सडकको स्ल्याब ढलान गरिएको हो।




# घले मृत फेला

समाज संवाददाता

हेटौँडाः रसुवा जिल्लाको नौकुण्ड गाउँपालिका-५, खाल्चेतमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ६० वर्षीय लक्ष्मण घले रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बिहीबार बिहान ७ बजेर १५ मिनेटको समयमा किमार्जुङ ठूलो खोलाको बीच भागमा घले मृत फेला परेका थिए। शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि मृतकका छोरा कृष्ण बहादुर घलेले बुझी लगेको प्रहरीले जानकारी दिएको छ।

# मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-१, बलुवामा बोलेरो जीपले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकल चालक सर्लाही जिल्लाको चक्रघण्टा गाउँपालिका-२ का ३५ वर्षीय गणेश राय रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बिहीबार बिपि राजमार्ग हुँदै काठमाडौंबाट सिन्धुलीतर्फ जाँदै गरेको महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-२ बस्ने २२ वर्षीय आर्यन भट्टराईले चलाएको प्रदेश २-०२-००१ च ०४८७ नम्बरको पिकअप बोलेरोले सिन्धुलीबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश २-०३-००६ प ३७५५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। ठक्करबाट मोटर साइकल चालक राय र पछाडि सवार ३३ वर्षीय धिरेन्द्र ठाकुर घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा चालक रायको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। बोलेरो र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# मकवानपुर क्याम्पसले निकाल्यो खुशियाली ऱ्याली




ऱ्यालीमा सहभागी विद्यार्थीहरु।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा-१२ को परीक्षामा जिल्ला प्रथम भएको खुशिलायीमा शुक्रबार बिहान ऱ्याली निकालेको छ। २०८० सालको कक्षा-१२ को परीक्षामा जिल्ला प्रथम हुन सफल भएकोमा क्याम्पसले शुक्रबार पञ्चेबाजासहित खुशियाली ऱ्याली निकालेको हो।

कक्षा-१२ को परीक्षामा मकवानपुर क्याम्पसबाट सहभागी भई प्राश्ना दहालले जिल्लामै ३ दशमलव ९२ जीपिए ल्याउँदै उत्कृष्ट हुन सफल भएको हो। क्याम्पस परिसरबाट सुरु भएको खुशियाली ऱ्याली मानसचोक, लोकप्रियचोक, बुद्धचोक हुँदै स्कूलरोड, कान्तिराजपथ, सानोपोखरा र मनकामनाचोकबाट पुनः क्याम्पस परिसरमा पुगेर समापन गरिएको थियो।

क्याम्पसबाट राम्रो नतीजा ल्याउने विद्यार्थीलाई हौसला प्रदान गर्नका लागि ऱ्यालीको आयोजना गरेको बताइएको छ। शैक्षिक गुणस्तरको सन्दर्भमा मकवानपुर क्याम्पस सधैँ अगाडि बढिरहेको क्याम्पसले जनाएको छ। ऱ्यालीपछि क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेलले जिल्ला प्रथम हुन सफल प्राश्ना र प्राश्नाका अभिभावकलाई सम्मान गर्नुभयो। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य समेत रहनुभएका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, क्याम्पस प्रमुख डा. यम बहादुर सिलवाल र पूर्वक्याम्पस प्रमुख शंकर प्रसाद उपाध्याय लगायतको उपस्थिति रहेको थियो। कक्षा ११ र १२ सहित स्नातक र स्नात्तकोत्तर तहमा मकवानपुर बहुमुखी क्याम्पसमा ५ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

# बेचबिखन प्रभावितलाई सहयोग

समाज संवाददाता

हेटौँडाः सुनिता फाउण्डेसनले मानव बेचबिखनमा परी प्रभावितहरुको सशक्तीकरणका लागि सञ्चालित परियोजनाको समीक्षा गरेको छ। बिहिबार हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यका समीक्षा कार्यक्रमको आयोजना गरिएको हो। फाउण्डेशनकी प्रबन्ध निर्देशक सुनिता दनुवारले हाम्रो समृद्धि परियोजनामार्फत मानव बेचबिखन प्रभावितलाई सहयोगको कार्यक्रम गरिएको जानकारी दिनुभयो। मकवानपुर जिल्लासँगै सुनिता फाउण्डेसनले काठमाडौं, सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा पनि हाम्रो समृद्धि परियोजना सञ्चालन गरिरहेको छ। मकवानपुरको हेटौँडा उपमहानगरपालिकामा बेचबिखन प्रभावित ११ जनालाई सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ। आयआर्जनका लागि बाखापालन, कुखुरापालनका साथै बालबालिकाका लागि शैक्षिक सहयोगको कार्यक्रम सञ्चालन भइरहेको दनुवारले जानकारी दिनुभएको छ।

## ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौडा-२, बुद्धचोक, मकवानपुर

### कर्मचारी आवश्यकता सम्बन्धमा

*दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२६*

उपरोक्त सम्बन्धमा यस ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा पदपूर्ती गर्नुपर्ने भएकाले संस्थाको पदपूर्ति उपसमितिको मिति २०८१/०४/२५ गते बसेको बैठकको निर्णयानुसार सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र नेपाली नागरिकबाट दरखास्त आवहान गरिएको छ।

तपशिल

| विज्ञापन नं. | तह | पद | संख्या | शैक्षिक योग्यता | उमेर | अन्य आवश्यक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | पाँचौ | वरिष्ठ सहायक | १ | स्नातक (व्यवस्थापन संकाय) | २१ पुरा भई ४० वर्ष ननाघेको | कम्प्युटर तालिम, दुई पाङ्ग्रे सवारी साधन र चालक अनुमतीपत्र, अनुभवीलाई प्राथमिकता | ५००/- |
| २/०८१/०८२ | तिन | बजार प्रतिनिधी (सिग्रेनी सेवा केन्द्र) | १ | एस.एल.सी | १८ पुरा भई ४० वर्ष ननाघेको | कम्प्युटर तालिम, दुई पाङ्ग्रे सवारी साधन र चालक अनुमतीपत्र, अनुभवीलाई प्राथमिकता | ३००/- |

**आवश्यक कागजातहरु** : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, वायोडाटा, हस्तलिखित निवेदन, शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि एक/एक थान, कम्प्युटर तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, सहकारी सम्बन्धी अनुभव वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि एक थान, २ प्रति पासपोर्ट साईजको फोटो।
परीक्षणकाल : १ वर्ष
दरखास्त दिने अन्तिम मिति : २०८१/०४/३२ दिनको ३:०० बजेसम्म।
परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता
रित नपुगेका आवेदनलाई परीक्षामा सम्मिलित गराईने छैन।
तलब तथा अन्य सुविधा : संस्थाको नियमानुसार
सम्पर्क मिति : २०८१/०५/०२ कार्यालय समयमा
सम्पर्क स्थान : संस्थाको मुख्य कार्यालय हेटौडा २ बुद्धचोक मकवानपुर
आवेदन स्विकृत/अस्विकृत गर्ने तथा विज्ञापन रद्द गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**पदपूर्ति उपसमिति**
**ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**हेटौडा-२, बुद्धचोक, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ